राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानबर्द्धक सामग्रीका लागि

newskoseli.com

सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ३६, वैशाख ९ गते शुक्रबार, २०७९ (22 April, 2022) | www.janajibro.com | मूल्य रु. १०।-

# अध्यक्ष प्रचण्डद्वारा नयाँ वर्षको शुभकामना

## लोकतान्त्रिक गणतन्त्र र संविधानको रक्षाका लागि गठबन्धनका उम्मेदवारलाई मतदान गर्न आग्रह

■ जनजिब्रो संवाददाता




**काठमाडौं ।** आसन्न स्थानीय तहको चुनावमा गठबन्धनका साझा उम्मेदवारलाई विजयी गराउन नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सम्पूर्ण मतदातामा अपिल गराएका छन् । नयाँ वर्ष २०७९ का अवसरमा शुभकामना दिँदै अध्यक्ष दाहालले लोकतन्त्र र संविधानको रक्षा गर्दै शान्ति र समृद्धिको यात्रामा देशलाई अगाडि बढाउने लक्ष्य बोकेको पाँच दलीय गठबन्धनलाई आगामी निर्वाचनमा आफ्नो अभिमत प्रकट गर्न आग्रह गरेका हुन् ।

नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै निर्माण गरिएको नयाँ संविधान कार्यान्वयनका क्रममा दोस्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न हुन गइरहेको उल्लेख गर्दै पूर्वप्रधानमन्त्री दाहालले संघीयतालाई जनताको घरदैलोसम्म पुऱ्याउने स्थानीय सरकार निर्माणमा जनताको उत्साहप्रद सहभागिताले बर्तमान राजनीतिक परिवर्तनलाई अझ बढी संस्थागत र समृद्ध तुल्याएको बताए । देश, लोकतन्त्र र संविधानविरुद्ध देखापरेको प्रतिगमनकारी षडयन्त्रलाई चिर्दै मुलुक, लोकतन्त्र र संविधानको रक्षामा निर्माण भएको प्रतिगमन विरोधी वाम-लोकतान्त्रिक गठबन्धन देश र जनतालाई केन्द्रमा राखी स्थानीय तहको निर्वाचनमा होमिएको उल्लेख गर्दै अध्यक्ष दाहालले लोकतन्त्र र संविधानको रक्षा गर्दै शान्ति तथा समृद्धिको यात्रामा देशलाई अगाडि बढाउने लक्ष्य बोकेको यस गठबन्धनलाई अभिमत प्रकट गर्न आग्रह गरे ।

अध्यक्ष दाहालले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धिसहित उत्तरोत्तर प्रगतिको कामना गर्दै नयाँ वर्षले नेपाली जनसमुदायमा आपसी मेलमिलाप, भ्रातृत्व र राष्ट्रिय एकताको भावना विकास गराउने विश्वास पनि व्यक्त गरे ।

क्रमशः अन्तिम पृष्ठमा

# 'नयाँ युगको पदचाप' सार्वजनिक




**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारको नेतृत्व गर्दाका बेलाका विचारहरूको संग्रह 'नयाँ युगको पदचाप' नाम पुस्तकाकार रूपमा प्रकाशित भएको छ ।

जनसांस्कृतिक महासंघ नेपाल र पुस्तक प्रकाशक प्रज्ञा स्मृति प्रतिष्ठानको आयोजनामा काठमाडौंमा लेखक तथा समालोचकहरूबीच भएको 'नयाँ युगको पदचाप : पुस्तक परिचर्चा' का क्रममा समिक्षकहरूले नाम अनुसारका सामग्रीहरू किताबमा समेटिएको बताएका हुन् ।

जनसांस्कृतिक महासंघ नेपालका अध्यक्ष मातृका पोखरेलले मान्छे बनावटी कामलाई प्रचार गरिरहेको सन्दर्भमा तत्कालीन समयमा भएका यथार्थ कुरा जनतासामु पुग्न नसकेको कुरा पुस्तकमा समेटिएका आलेखहरूले स्पष्ट पारेको बताए ।

उनले उपलब्धिलाई संस्थागत गर्न नसकिको जिकिरसहित पुस्तकको नाम जस्तै सामग्रीहरू पुस्तकमा

क्रमशः अन्तिम पृष्ठमा

# रामबाबुको संघर्ष : रंगमञ्चदेखि काँचको पर्दासम्म



**समय-सन्देश**

**भोलानाथ अधिकारी**

'जुठे' श्रृङ्खलाका चर्चित कलाकार हुन्, रामबाबु रेग्मी । यो सिरियलमा उनी एक 'दलित' पात्रको भूमिकामा छन् । सयौं नाटकको लेखन तथा निर्देशन एवम् अभिनय समेत गरेका उनले केही वर्षयता भने चलचित्रमा अभिनय समेत गर्दै आएका छन् ।

'छक्का पञ्जा', 'भुइँमान्छे', 'उमङ्ग' लगायत ६० वटा चलचित्रमा उनले अभिनय गरिसकेका छन् । उनी सिरियलहरूको अभिनयमा पनि उत्तिकै सक्रिय छन् ।

**बाल्यकालको 'इखले' चढाएको 'नसा'**

कलाकार बन्ने 'नसा' रामबाबुमा बाल्यबालदेखि नै चढेको हो । स्कुलमा हुने कार्यक्रममा अरुले अभिनय गरेको देख्दा 'मैले पनि अभिनय गर्न पाए हुन्थ्यो' लाग्दथ्यो उनलाई । तर, 'टाठाबाठा' हरूले उनलाई मौकै दिँदैनथे । स्कुलको वार्षिकोत्सवमा नाटक हुन्थ्यो । त्यसमा आफूले पनि अभिनय गर्ने प्रस्ताव राख्दै सिनियर दाजु-दिदीसँग अनुनय गर्थे । तर, उनीहरूले रामबाबुलाई अवसर नै दिँदैनथे ।

त्यही 'इख' कै कारण समेत 'ठूलो भएपछि त कलाकार नै बन्छु' भन्ने गहिरो छाप पऱ्यो रामबाबुको दिमागमा । मनको त्यो प्रतिबद्धता बाहिर कसैलाई पनि भनेका थिएनन् उनले । त्यसैकारण कलाकारिताको सुरुआतदेखि नै आफ्नो अभिनयले अरुलाई 'इम्प्रेस्ड' पार्ने कोसिस गर्थे रामबाबु । यद्यपि अभिनय के हो र कसरी गर्नुपर्छ भन्ने खासै ज्ञान भने थिएन उनमा ।

त्यही 'इख' फलस्वरूप अहिले नेपालका चर्चित कलाकार बनेर सुपरिचित छन् रामबाबु रेग्मी । उनी प्रायः फिल्म या टेलिफिल्ममा 'दुःखी युवक' या 'बूढा' को भेषमा देखा

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क- ३६, वैशाख ९ गते शुक्रबार, २०७९

**सम्पादकीय**

# स्थानीय चुनाव : जनद्रोहीमाथि सजायको अवसर

यसै महिनाको अन्तिम दिनभन्दा ठीक अघिल्लो दिन अर्थात् ३० वैशाख, २०७९ मा नेपाली जनताको हातमा एउटा अधिकार प्राप्त हुँदै छ। पाँच वर्षसम्म जनता र राष्ट्रको सम्पूर्ण अख्तियारी हातमा लिएर शासन-प्रशासन चलाउने पदाधिकारीहरू जनताको मतद्वारा चयन हुने प्रक्रिया अर्थात् निर्वाचन प्रक्रियामा सामेल हुने दिन जनता सार्वभौम भएको अनुभूति गरिने दिन हो। यद्यपि यो अवसरलाई समेत साम-दाम-दण्ड-भेदका अनेकौं हथकण्डा अपनाएर निरर्थक र मूल्यहीन तुल्याउने अधिकत प्रयास 'शक्तिशाली' हरूले निरन्तर गर्दै आएका छन् र यसपालि पनि अवश्य नै गर्नेछन्, त्यो बेग्लै पक्ष हो।

सिद्धान्ततः र सारतः कुनै पनि तहको चुनाव भनेको जनद्रोही-राष्ट्रघातीहरूमाथि जनताले सजाय गर्ने अचुक अवसर हो। पहिले शासनको बागडोर समालिसकेका तर जनता एवम् राष्ट्रका पक्षमा माखो मार्न नसकेका अनि अझ त्यही अवसरलाई दुरुपयोग गरेर जनद्रोही व्यवहार प्रदर्शन गरेकाहरूको बाटो छेक्ने र सत्ताबाट गलहत्याउने महत्त्वपूर्ण साधन वा माध्यम भनेकै चुनाव हो। अघिल्लो पटक जितेदेखि यस पटकको चुनावी माहोल नबनेसम्म जनतालाई रैती ठान्नेहरू फेरि पनि जनताको थाप्लामाथि गीर खेल्ने अवसर पक्रनका निम्ति 'नमस्ते' गर्दै ढोका-ढोका आउने र निकै दयालु, मायालु र कृपालु बनेर घुँडामुनि ढोग्ने क्रम सुरु भइसकेको छ। यो बेला 'दूधको दूध र पानीको पानी' खुट्याउन जनताले रत्तिभर चुक्नु हुँदैन।

राज्यसत्ताको आधारभूत चरित्रलाई ख्याल गर्दै कतिपय राजनीतिक शक्तिहरूले यो चुनावलाई बेकम्मा, निकम्मा र अर्थहीन समेत ठहर गरिरहेका छन्। उनीहरूको त्यो भनाइ पनि सत्य नै भए तापनि जे-जसरी भए पनि र जो-जस्ता भए पनि यसै चुनावमार्फत 'जनप्रतिनिधि' छानेर छाड्ने भएकाले 'खराबमध्येका पनि कम खराब' पात्र छानिऊन् भन्नेतर्फ सबैको ध्यान पुग्नु जरुरी छ।

## रामबाबुको...

पर्दछन्। एकै पटक फिल्म तथा टेलिफिल्ममा आएका भने होइन् उनी। सडक नाटक हुँदै टेलिफिल्म फिल्म र टेलिफिल्म हुँदै चलचित्रमा आइपुगेका हुन् रामबाबु। यो क्षेत्रमा जम्न उनले लामै समय सङ्घर्ष गर्नुपर्‍यो।

बाल्यकालमै नाटकमा खेल्न नपाएको त्यो 'भोक' अनि कलाकार बन्नका लागि गरेको सङ्घर्षले उनलाई सफलतामै पुर्‍यायो। स्कुलमा सांस्कृतिक कार्यक्रमहरू हुँदा 'नाटकमा चाहिँ म पनि अभिनय गर्न सक्छु' भन्ने जोस थियो उनमा। तर, उनलाई कसैले पनि कुनै नाटक अभिनय गराउन मानेन्। उनको मनमा चसक्क बिझ्यो, गहिरो चस्का पस्यो। त्यसपछि उनले मनमनै सोचे- 'पख, एक दिन राम्रो कलाकार बनेर तिमीहरूलाई देखाउँछु।'

मनमा उब्जिएको इख उनमा पछिसम्म पनि रहिरह्यो। त्यही इख बोकेर एसएलसीपछि काठमाडौं हानिए। उच्च शिक्षा अध्ययन गर्ने र कलाकार पनि बन्ने- दुई मिसन थिए उनी काठमाडौं छिर्दा। एक दशक अघिको कुरा हो यो।

### काठमाडौं छिरेपछिको सङ्घर्ष

काठमाडौ आएपछि उनी पाटन संयुक्त क्याम्पसमा भर्ना भई पढ्न थाले। तर, उनलाई पढाइभन्दा पनि फिल्म हेर्ने सोखले बढ्ता आकर्षित गर्‍यो। क्याम्पस जानुको सट्टा उनी फिल्म हलतिर धाउन थाले। पढाइमा खासै ध्यान गएन। हप्तैपिच्छे रिलिज हुने फिल्म हेर्न थालेपछि पढाइ त कमजोर हुने नै भयो। त्यसपछि सो क्याम्पस छाडे र चित्रन्द्र कलेज भर्ना भए। उनको पढाइ त्यहाँ पनि उस्तै भयो।

पढाइमा उँभो लाग्ने छाँट नदेखेपछि उनले वीरेन्द्र हमालसँग अभिनयको कक्षा लिन थाले। वीरेन्द्रसँग उनले लामै समय कक्षा लिए। त्यसपछि रामबाबुलाई आफैं नाटक गरौं न त भन्ने लाग्यो। केही साथीहरूसँग कुराकानी गरे र आफ्नै लगानीमा गुरुकुलमा नाटक गरे।

छोटो समय उनले गरेको नाटकबाट पैसा कमाइएन, सुरुकै नाटक-यात्रा 'फ्लप' भयो। लगानी डुबेपछि साथीहरू तितरबितर भए। आर्थिकरूपमा निकै कमजोर भए रामबाबु।

त्यसपछि उनी निकै चिन्तित भए। असाध्यै तनाव बढेपछि 'ओशो' को शरणमा पुगे। 'गुरु' ले त्यहाँ उनको हिम्मत बढाइदिए। केही दिन त्यहाँ 'ध्यान' गरे र कला क्षेत्रमै केही गरिछाड्छु भनेर आत्मविश्वासका फर्किए।

आफ्नो अभिनय-कलामा निखार ल्याउन त्यसपछि उनले देशका कुना-काप्चासम्म चेतनामूलक नाटकहरू गरे। उनले अधिकाङ्श जिल्लामा नाटक देखाए। सङ्घर्षकालमा गाउँ-गाउँमा नाटक देखाउन जाँदा 'नाटक गर्ने कलाकार' लाई राम्रो मान्दैनथे।

'मलाई अभिनयको भोक थियो त्यसैले आफ्नो चाहनाअनुरूपकै गरें,' नमिठा अनुभवहरू शेयर गर्दै उनले भने- 'वास्तवमा नाटक देखाउनु चानचुने कुरा होइन, गाउँघरमा नाटक देखाएर हिँड्दा त हामीलाई कलाकार जस्तो नै ठान्दैनथे।' नाटक खेल्दा रामबाबुलाई छुट्टै आनन्द आउँछ। पैसाभन्दा पनि अभिनयप्रतिको लगाव प्रिय थियो उनका लागि। उनमा त्यो मानसिकता अहिले पनि छँदैछ।

### 'दलित' भनेर मन्दिरबाट निकालिँदा

'मलाई त नाटकमै रमाउने इच्छा थियो, नाटकमै निकै रमाइलो लाग्थ्यो,' उनी भन्छन्- 'तर, कलाकार हुँ भन्दा 'कुन फिल्मको' वा 'कुन सिरियलको' भनेर साध्न थाले मान्छेहरूले।' उनले सुनाए- 'नाटकका कलाकार हौं भन्दा त 'ए नाटकको पो' भनेर नाक खुम्च्याए। आफ्नै गाउँघरकाले समेत मलाई कलाकारका रूपमा व्यवहार नै गरेनन्। त्यसैकारण सिरियल र फिल्महरूमै खेल्नुपर्छ भन्ने लाग्यो अनि काँचको पर्दामा थकेलिएँ।'

आफूले पाएका हरेक क्यारेक्टरमा डुब्न सक्छन् उनी। 'सबै खालका क्यारेक्टरमा अभिनय गर्न मन छ तर मलाई प्रायः निर्देशक एवम् निर्माण टिमले बूढो र गरिबको भूमिकामा खेलाउँछन्। कलाकार भएको नाताले जुनजुकै भूमिकामा अभिनय गर्न अप्ठ्यारो मान्दिनँ'- उनको भनाइ छ।

'जुठे' सिरियलमा उनको अभिनयलाई धेरैले तारिफ गरे। त्यसमा उनी एउटा ग्रामीण 'दलित' का रूपमा दुःखी भूमिकामा देखापरेका छन्। टिभीमा त्यो श्रृङ्खला हेरेका धेरै दर्शकले उनलाई यथार्थमै 'दलित' का रूपमा चिने।

उनलाई 'दलित' नै ठानेका कारण मन्दिरमा पूजा गर्न आएकी एउटी बूढी आमाले उनलाई 'बाहिर गइदिन' आग्रह नै गरेको रामबाबुले सुनाए। रामबाबुलाई मन्दिरभित्र देखेपछि आफू पूजा गर्न आएकाले 'दलित' द्वारा 'छोइन्छ' भन्दै ती बूढी आमाले 'बाहिर गइदिन' आग्रह गरेको उनले सुनाए। बूढीआमाको कुरा स्वीकार्दै आफू बाहिर निस्किदिएको अनुभव उनले सुनाए।

### विवाह पनि नाटककै कलाकारसँग

नाटकमा रमाइरहेका रामबाबुले अग्रज कलाकारहरूको जोडी हेर्ने-देख्ने मौका पाए। नाटकमै काम गरिरहेका सुनिल पोखरेल र नीशा शर्माको जोडी देखे। उनीहरूसँग नजिकिए र निकै नाटकमा सहकार्य गर्ने समेत मौका पाए। आफ्नी श्रीमती पनि यही क्षेत्रकी भइदिए हुन्थ्यो भन्ने उनलाई लाग्न थाल्यो।

यसैबेला एक साथीले प्रस्ताव अघि बढाए- 'नाटक क्षेत्रकै एउटी युवती छन्, विवाह गर्ने त ?' उनले उत्सुकताका साथ बुझ्न चाहे, को हुन् त ती युवती ? सानु नामकी युवती नाटकमा जम्दै गरेको उनले पत्तो पाए। साथीको माध्यमबाट भेटिएकी युवती रामबाबुलाई मन परिन्। त्यसपछि रामबाबुले उनै सानुसँग कुराकानी अगाडि बढाए।

दुवै तर्फबाट सहमति जुटिसकेपछि रामबाबु-सानु विवाह-बन्धनमा बाँधिए। नाटक क्षेत्रकै कलाकारसँग विवाह गर्न पाउँदा आफूलाई औधी खुसी लागेको रामबाबु बताउँछन्। उनीहरूका दुई सन्तान भइसकेका छन्। छोरी र छोराका साथ उनीहरू काठमाडौंमै बसोवास गर्दै आएका छन्। घरमा भने बुबा-आमा र बुहारी अनि भाइका छोराछोरी छन्। रामबाबुका भाइको भने केही वर्षअघि निधन भयो।

*(होलिस्टिकबाट)*

## अपहरित...

सार्वभौमतः जति जति एजेण्डा ओफेल पर्दै जान्छ, त्यति नै बढी अग्रगामी राजनीतिक बहाव उल्टो दिशातर्फ बग्न थाल्दछ। वरु उल्टै एजेण्डालाई चौतर्फी घेराबन्दीमा पारेर अपहरण गरिन्छ। भनिन्छ, लोकतन्त्रमा जनमत भन्दा ठूलो अरु केही हुँदैन। तर अवसर र माहौलले दिशानिर्देश गरिरहेको राजनीतिमा जनमतको समेत अत्याधिक दुरूपयोग हुने गर्दछ, जसले लोकतान्त्रिक निर्वाचनको औचित्य माथि नै गम्भीर प्रश्न उठ्ने गर्दछ। त्यसैले नेपाली राष्ट्रिय राजनीतिमा हाम्रो कार्यभार भनेको एजेण्डाको राजनैतिक संस्कृति विकास गर्नु हो। सिद्धान्त र एजेण्डाको राजनैतिक महत्व उजागर गर्नु हो। मुलतः जसको विचार, उसैको नेतृत्व र जसको एजेण्डा उसैलाई सहयोग गर्यौं भने मात्र राष्ट्रिय राजनीतिमा अग्रगामी गति पैदा हुन्छ। एजेण्डा एकातिर लगानी र समर्थन अर्कोतिर गरियो भने हाम्रो आधारभूत एजेण्डाहरूको लागि मागपत्र वा ध्यानाकर्षण पत्रहरू बोकेर डेलिगेशन जानुको अरु विकल्प बाँकी रहन्न, जसको कुनै औचित्य हुँदैन। यसैको लागि जे जति कर्मकाण्ड गरिन्छ, त्यो सवै औपचारिकतामा सीमित हुन जान्छ। अझ प्रष्ट शब्दमा भन्ने हो भने गणतन्त्र विरोधी तप्कालाई समर्थन गरेर लोकतान्त्रिक गणतन्त्र संस्थागत हुनै सक्दैन। संघीयता विरोधीलाई सहयोग गरेर पहिचान स्थापित हुँदैन। परिवर्तन विरोधी वा पश्चगामी तत्वहरूलाई भोट हालेर परिवर्तनकारी वा अग्रगामी राजनैतिक एजेण्डाहरू कार्यान्वयन हुन सक्दैन। एजेण्डाहरूको योजनावद्ध उद्देश्यअनुरूप कार्यान्वयन नभएसम्म सामाजिक जीवनमा प्राप्त उपलब्धिहरूको जीवन्त प्रत्याभूति हुँदैन।

तसर्थ, कठिन संघर्षको ऐतिहासिक प्रक्रियाबाट स्थापित एजेण्डाहरूकै रापतापमा निर्माण भएको वस्तुगत राजनैतिक धरातल माथि उभिएर त्यसैलाई अपमान गर्नु न्युनतम राजनैतिक नैतिक मुल्यभित्र पर्दैन।

सार्वभौमतः सिद्धान्त र एजेण्डा हारेको बेला औसत अवसरवादी सौन्दर्य चिन्तन हावी हुने गर्दछ। यसैले आगामी तिनै तहको निर्वाचनमा एजेण्डा हेरेर मतदान गर्न सचेत मतदाताहरूको राजनैतिक कार्यभार पक्कै पनि हो। एजेण्डालाई जितायौं भने राजनैतिक प्रक्रियाबाट नै उपलब्धिहरू संस्थागत हुनेछ। मुलुकले अग्रगामी निकास पाउनेछ। जनअपेक्षाहरू पुरा हुनेछ। हुल बाँधेर मागपत्रसहित अर्थ र औचित्यहीन डेलिगेशन र भेटघाटमा जानु पर्दैन। नारा, जुलुश र प्लेकार्ड भिर्नु पर्दैन। फेरि पनि अवसर र माहौलकै वरपर घुम्ने गल्ती दोहोर्याइयो भने राष्ट्रिय राजनीति यथास्थिति भन्दा पनि पछाडि धकेलिने निश्चित छ। एजेण्डा हार्नेछ। एजेण्डा हार्नु भनेको समाजको गतिलाई उल्टो घुमाउनु हो।

अन्यौलता र अनिर्णयको अझ पेचिलो श्रृंखला सुरु गराउनु हो। बाह्य रणनैतिक हस्तक्षेपलाई मलजल पुर्याउनु हो, जुन देश र जनताको लागि घातक हुनेछ। सबैलाई चेतना भया!

*(शीर्षक परिवर्तनसहित रातोपाटीबाट)*

# महानगर र उपमहानगरमा सिट बाँडफाँट : सलाई कुनकुन ?

**काठमाडौं।** सत्ता साझेदार पाँच दलीय गठबन्धन आसन्न स्थानीय तहको चुनावमा मिलेर जाने सहमतिअनुसार महानगरपालिका र उपमहानगरपालिकाहरूका प्रमुख र उपप्रमुख पदमा उम्मेदवारको सिट बाँडफाँट मिलान गरेका छन्।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको अध्यक्षतामा बसेको गठबन्धनका शीर्षनेताको बैठकले त्यस्तो सहमति गरेको प्रमको सचिवालयले जानकारी दिएको हो।

साहो सहमति अनुसार कांग्रेसले काठमाडौं, ललितपुर र विराटनगर महानगरपालिमा प्रमुखको तथा वीरगञ्ज, भरतपुर र पोखराको उपप्रमुखमा उम्मेदवारी दिने भएको छ।

यस्तै धरान, इटहरी, कलैया, बुटवल, तुलसीपुर, नेपालगञ्ज र धनगढी उपमहानगरपालिमा प्रमुखको तथा जितपुर-सिमरा, घोराही र हेटौंडा उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी समेत कांग्रेसले पाउने सहमति पनि सोही बैठकले गरेको छ।

यस्तै नेकपा (माओवादी केन्द्र)का तर्फबाट भरतपुर महानगरपालिकाको प्रमुखमा र ललितपुर महानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिने सहमति भएको छ। जितपुर-सिमरा र घोराही उपमहानगरपालिकाको प्रमुख तथा धरान र धनगढी उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिने सहमति भएको छ।

सत्ता गठबन्धनकै अर्को घटक नेकपा (एकीकृत समाजवादी)ले पोखरा महानगरपालिकाको प्रमुख तथा काठमाडौं महानगरपालिकाको उपप्रमुखसहित हेटौंडा उपमहानगरपालिकाको प्रमुख तथा इटहरी, बुटवल र तुलसीपुर उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिने सहमति भएको छ।

यस्तै जनता समाजवादी पार्टी नेपालले वीरगञ्ज महानगरपालिकाको प्रमुखमा र विराटनगर महानगरपालिकाको उपप्रमुखमा तथा जनकपुर उपमहानगरपालिकाको प्रमुख तथा कलैया र नेपालगञ्ज उपमहानगरपालिकाको उपप्रमुखमा उम्मेदवारी दिने सहमति भएको छ।

यसअघि गठबन्धनले जारी गरेको मापदण्ड, सहमतिको मर्म र भावनाअनुरूप सम्बन्धित समितिहरूको बैठक बसी अविलम्ब सिट बाँडफाँट तथा उम्मेदवारहरूको चयन गर्न निर्देश गरेको थियो।

सोही बैठकबचि सहमति बन्न नसक्ने स्थितिमा पाँच दलीय गठबन्धन भित्रै मित्रवत प्रतिस्पर्धा गर्न सकिने समेत समझदारीमा प्रधानमन्त्री एवं कांग्रेस सभापति देउवा, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनपाका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले हस्ताक्षर गरेका हुन्।

# अक्सिजन प्लान्ट विष्फोटमा दुईको ज्यान गयो

**काठमाडौं।** ललितपुरस्थित औद्योगिक क्षेत्रभित्र रहेको सगरमाथा अक्सिजन प्लान्टमा भएको विष्फोटमा परी घाइते भएका मध्ये दुई जना मजदुरको निधन भएको छ।


काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक सन्तोषसिंह राठौरले उक्त अक्सिजन प्लान्टमा काय गर्ने भारतीय नागरिक २५ वर्षीय राजकुमार महतोको बिएण्डवी अस्पतालमा उपचारको क्रममा मृत्यु जानकारी दिए। उनको मृत्युसँगै प्लान्ट विष्फोटमा परी निधन हुनेको संख्या दुई पुगेको हो।

विष्फोटमा भारतकै ४५ वर्षीय वृजमोहन महत्तोको घटनास्थलमै ज्यान गएको र अन्य पाँच जना पाटन अस्पतालमा उपचारपछि घर फर्किएका हुन्। बिहान अक्सिजन भर्ने क्रममा एक्कासी विष्फोट हुँदा घटना भएको थियो।

गृहमन्त्री बालकृष्ण खाँणले गृहसचिव टेकनारायण पाण्डे, ललितपुरका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्याय, महानगरीय प्रहरी परिसर ललितपुरका प्रहरी वरिष्ठ उपरीक्षक यज्ञविनोद पोखरेल र सशस्त्र प्रहरीका ललितपुर प्रमुख उपरीक्षक विकास घिमिरेलाई घटनाको छानबिन गर्न निर्देशन दिए।

यस्तै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूको निर्देशनमा उद्योग मन्त्रालयले विस्फोटको कारण पत्ता लगाउन ६ सदस्यीय छानबिन समिति गठन गरिएको छ। मन्त्रालयका सहसचिव चन्द्रकला पौडेलको संयोजकत्वमा ६ सदस्यीय छानबिन समिति गठन गरिएको छ।

# अपहरित एजेण्डा र दुर्दशापूर्ण राष्ट्रिय राजनीति



वृतचित्र

राजेन्द्र किराँती

जन्म दिने आमाले जस्तो माया धाई आमाहरूले दिन सक्दैनन् । हेरालु अर्थात् धाई आमाहरूको माया देखावटी र वनावटी हुन्छ । तर जन्म दिने आमाहरूको मायामा कुनै स्वार्थ, अभिनय हुँदैन । उनीहरूको मायामा निस्वार्थ जैविक प्रेम अन्तरनिहित हुन्छ । त्यसै गरी राजनैतिक एजेण्डाहरू जन्माउने दलको एजेण्डा प्रतिको माया निस्वार्थ र सैद्धान्तिक-राजनैतिक धरातलमा उभिएको हुन्छ । उता हेरालु वा कारिन्दा दलहरूको माया देखावटी, वनावटी र अभिनयद्धारा निर्देशित हुन्छ । अर्थात् हेरालु दलहरूको माया जनताले के पो भन्ने हुन् । चुनावमा भोट पो नदिने हुन् कि भन्ने डर त्रासका साथै रणनैतिक-राजनैतिक स्वार्थमा आधारित हुने गर्दछ, जुन देखावटी र वनावटी हुन्छ ।

वस्तुतः जसरी एउटा वच्चाको राम्रो लालनपालनको लागि जन्म दिने आमाको जैविक माया जरुरत पर्दछ । त्यसरी नै राजनैतिक एजेण्डाहरूको उचित व्यवस्थापन, विकास र कार्यान्वयनको लागि पनि जननी राजनैतिक दलको नेतृत्व अनिवार्य हुन्छ । उचित भरण-पोषण नपाउँदा बच्चा कुपोषित हुन्छ भने उचित व्यवस्थापन नहुँदा एजेण्डाहरू कमजोर हुने गर्दछन् । हाम्रो राष्ट्रिय राजनीतिले यही दुर्दशा भोगिरहेको देखिन्छ ।

करिव तीन वर्ष अघि जातीय संघ संस्थामा सक्रिय केही मित्रहरूसँग मेरो भेट भयो । उहाँहरू सगर्व भन्दै हुनुहुन्थ्यो कि प्रदेश १ को मुख्यमन्त्रीकोमा डेलिगेशन गयौं अनि पहिचानमा आधारित किरात प्रदेश नामकरणको लागि माग राख्यौं । उनीहरूले अझ थप्दै भने, हामी अब प्रधानमन्त्रीसँग पनि यही सवालमा भेट गर्दैछौं । मैले उहाँहरूलाई भनें, नामकरणको लागि त भेटघाट र डेलिगेशन भन्दा पनि संसदमा दुइ तिहाइ चाहिन्छ होइन र ? पक्कै पनि राजनीतिक दलहरू आफ्नो आधारभूत सिद्धान्त अनुरूप यसको पक्ष वा विपक्षमा मत जाहेर गर्दछन् । पहिचान विरोधी दलहरूले कसैको औपचारिक डेलिगेशनकै भरमा रातारात पहिचानवादी बन्ने संभावना रहन्न । बरु तपाईंहरूले जिताएका दल र यसका सांसदहरू पहिचानको पक्ष कि विपक्षमा उभिएका छन् ? मूलभूत गाँठी कुरा यही हो ।

आज एकपछि अर्को जनताका एजेण्डाहरू अझ ओझेल पर्दैछ, जसले हाम्रो तीन वर्ष अघिको यथार्थ छलफलको सन्दर्भ झनै सत्य सावित हुँदै गइरहेको प्रष्ट हुन्छ । ती जातीय संस्थामा क्रियाशील मित्रहरूले आगामी चुनावमा के सोच्दै हुनुहुन्छ कुन्नि ? विगतको गल्ती सच्याउने वा उही गल्ती दोहोर्याउने अनि अझ व्यापक तामझाम र प्रचारसहित थुप्रै डेलीगेशनहरू तय गर्ने । आशा गरौं यसपटक गल्ती सच्याउनु हुनेछ । किनभने एजेण्डाको ढोंग मात्रै गरेर निश्कर्ष निस्किन्न । संघर्षको निर्मम प्रक्रियाबाट प्राप्त एजेण्डाहरू गुम्दै जाँदा त्यसको पुनरप्राप्ती पनि आन्दोलनकै प्रक्रियाबाट मात्र संभव हुन्छ । हुल वाँधेर मागपत्र पेश गर्दैमा, समय मिलाएर भेटवार्ता गर्दैमा यो किमार्थ संभव छैन । उपर्युक्त घटना सानो प्रतिनिधि सन्दर्भ मात्र हो । सिंगो राष्ट्रिय राजनीति औसत, अवसर र माहौलको पछिपछि घस्रिरहेको छ । सिद्धान्त, विचार, एजेण्डा र मुल्य मान्यताहरूबीच सही र गलत छुट्याउने लक्ष्मण रेखाहरू मेटिदैछ । सही र गलत, अग्रगामी र पश्चगामी, वैज्ञानिक र अवैज्ञानिक, वस्तुवादी र अवस्तुवादी, व्यवहारिक र अव्यवहारिक, अपराधी र सज्जन वा जनपक्षीय र जनविरोधी सवै एउटै फुर्लुङमा कोचिदैछ । यसले समग्र राष्ट्रिय राजनैतिक भाष्यलाई नै दुर्वोध, अपव्यख्या र भ्रष्टीकरण गरिरहेको छ । अर्थात औसत, अवसर र माहौलको कलात्मक राजनीति तामझामको साथ उदाउँदो छ । लप्पन-छप्पन, षड्यन्त्र र आपराधिक मनोवृत्ति फैलिदो छ । यथार्थ वहस र इमान-जमानहरू खुम्चिदो छ । सिद्धान्त, आदर्श, विश्वास, एजेण्डा, विधि, पद्दति र मुल्यमान्यताहरू अस्ताउँदो अवस्थामा छ । राजनीतिमा अन्तरनिहीत त्याग, तपस्या, वलिदान र सेवाभावहरू निहित स्वार्थगत चक्रव्यूहको चपेटामा परिरहेको छ । परिणामस्वरूप सही सिद्धान्त र एजेण्डाहरू दिनदिनै रक्षात्मक वन्दैछ भने गलत अवसरवादी चिन्तन प्रवृत्ति झाँगिदैछ । यसले हाम्रो अर्थ-राजनीतिक सामाजिक सत्ताको गलत गन्तव्य तर्फको यात्रालाई प्रष्ट संकेत गरिरहेको जगजाहेर छ ।

वस्तुतः अवसर र रूपवादी माहौलद्धारा निर्देशित अर्थराजनीतिक प्रणालीमा सही सिद्धान्त र एजेण्डाहरू खुम्चिन पुग्दछ । यस्तो परिवेशमा जनताका निश्चल विचार, विश्वास र निष्ठामाथि अवसरवादी स्वार्थगत सौन्दर्य हावी हुने गर्दछ । अर्थात् उनीहरूको टड्कारो आवश्यक्ता र संवेदनशीलताको सीमा-कमजोरी वा विवशताकै कक्ष वरपर भावनात्मक 'व्ल्याकमेलिङ' सुरु हुन्छ । तव स्वतन्त्र विचार, आस्था र विश्वासहरू सजिलै 'हाइज्याक' गरिन्छ । सडकमा आन्दोलित हुने अनि चिया वा रक्सी पसलहरूमा सिद्धान्त, एजेण्डा र इमान-जमानको कुरा गर्ने जनता कतिपय मुख्य राजनीतिक दलहरूको अवसरवादी सौन्दर्यको रङ्गीन रूपको दुष्प्रभावमा परेर राजनैतिक निर्णय गर्ने वेलामा गलत ठाउँमा उभिन पुग्दछ । यसरी क्षणभरमा गरिएका यस्ता गलत निर्णयहरूको कारण हाम्रो समाजले ग्रहण गर्नुपर्ने सही आकार र अंगाल्नु पर्ने सही दिशा लिन सकिरहेको छैन । तव आज हामी यसैको नासो स्वरूप अनिर्णयको वन्दी बनिरहेका छौं । यहाँसम्म कि, प्रदेश १ को नामकरणको प्राविधिक काम समेत गर्न सकेका छैनौं । समान्यतया सडक, चिया, चौतारीहरूमा अझै पनि गणतन्त्र, संघीयता, समानुपातिक, समावेशी र धर्मनिरपेक्षताको चर्चा हुन्छ । मुक्ति, न्याय र समानताको वकालत गरिन्छ । पहिचानको खरो वहस हुन्छ । यही एजेण्डाहरूकै कारण आज हामी यहाँ छौं भन्न पनि वाँकी राख्दैनन् । अझ धेरैले यी तमाम एजेण्डाहरूको जननी माओवादी नै हुन् भनेर स्वीकार पनि गर्छन् । जे भने पनि परिवर्तनको संवाहक माओवादीनै हो पनि भन्छन् । लड्नेहरू पछि पारिए भने शान्ति प्रक्रिया पछि आउनेहरूले अवसर पाए भन्ने कटु सत्य कुरा पनि पोख्छन् । कम्युनिष्ट र गैरकम्युनिष्ट पार्टी र नेता-कार्यकर्ताहरूको चरित्रको कुरा गर्छन् । जीवनशैली र कार्यशैलीवारे टिप्पणी गर्छन् । त्याग, तपस्या र सेवाको कुरा गर्छन् । पुँजीवाद र समाजवादको भेद छुट्याउँछन् । सही र गलत अनि अग्रगामी र पश्चगामी सवै निर्क्यौल गर्छन् । तर ठोस निश्कर्षमा पुग्दैनन् । यस्तै कसैले एमसीसी पक्षधरहरूलाई गाउँ प्रवेश निषेध सम्मको तरङ्गीत भावाभिव्यक्ति राख्छन् । वहुसंख्यक जनताको पक्षमा रहेको दलील पेश गर्छन् । चरम राष्ट्रवादी हुन्छन् । विभेद र उत्पीडनका कुरा गर्छन् । न्याय र समानताको वकालत गर्छन् । तर अवसर र रूपवादी राजनीतिक सौन्दर्यको कलात्मक फ्युजन भइरहेको वस्तुगत धरातलमा निर्णायक पहल लिनुपर्ने खास अवस्थामा भने उनीहरू एकाएक गलत बाटो रोज्न पुग्दछन् । यो नेपाली लोकतान्त्रिक अर्थराजनीतिक भाष्यको विडम्वनापूर्ण र विकृत सौन्दर्य संस्कृति वन्न पुगेको छ । यसले समाधन होइन, मुलुकलाई चरम अस्थिरता र अनिर्णयको गलत गन्तव्यतर्फ धकेलिरहेको छ ।

यसरी रूपवादी सौन्दर्य चिन्तनद्धारा निर्देशित राजनीतिमा औसत अभिनयको कला भए काफी हुन्छ । वास्तवमा सिद्धान्त र विचारले नेतृत्व गरेको समाजमा विभिन्न विचार, कार्यक्रम र उद्देश्यहरू भिन्न-भिन्न दृष्टिकोणमा अभिव्यक्त हुने गर्दछ । जनतालाई सही र गलत छुट्याउन सहज हुन्छ । तर संसदीय ढोंग र ढर्राको अभिनय उस्तै कलात्मक हुन्छ । एजेण्डा वोक्ने दलहरू भन्दा नवोक्ने दलहरू अभिनयमा अझ चलाख हुन्छन् । यसले जनतामा महाद्विविधा पैदा गरिदिन्छ परिणामतः जनता अवसर र माहौलको पछि लाग्न वाध्य हुन्छन् । यस्तो वस्तुगत परिवेशमा सत्य र असत्य दुवैले एउटै अभिनय गरिरहेको हुन्छ ।

परिवर्तनकारी र परिवर्तन विरोधी, अग्रगामी र पश्चगामी अनि जनपक्षीय र जनविरोधी सवै एउटै जस्तो हुन्छ । सही र गलत उस्तै हुन्छ । राष्ट्रवादी र राष्ट्रविरोधी, गणतन्त्रवादी र राजावादी, संघीयतावादी र संघीयता विरोधी, पहिचानवादी र पहिचान विरोधी, समावेशी, समानुपातिक र धर्मनिरपेक्षता पक्षधर र विरोधीहरू सवै रूप, वर्ण र कला प्रस्तुतिमा उस्तै देखिन्छन् ।

यसरी मतदाताहरूले असली र छद्म रूपधारी राजनैतिक दल वा नेताहरूलाई पहिचान गर्न सक्दैनन् । यस्तो वेला उनीहरू अन्यौल र अस्पष्ट हुन्छन् । तव अवसर र रूपरङ्गरूपी माहौल वरपर झुम्मिन थाल्छन् । साम दाम, दण्ड भेदको औसत अस्त्रहरू मार्फत उनीहरूको कमलो भावनामा व्ल्याकमेलिङ गरिन्छ । जनता यसको नराम्रो शिकार हुन्छन् । तव छद्म एजेण्डाधारी राजनैतिक दलहरूले आफ्नो पक्षमा माहौल सिर्जना गर्दै चुनावी परिणाम आफ्नो पोल्टामा पार्दछन् । सही र वस्तुवादी हुँदाहुँदै पनि एजेण्डा हार्ने स्थिति वन्दछ । यसकारण जनतामा राजनैतिक सचेतना अभिवृद्धि गर्दै सिद्धान्त र एजेण्डा अनि अवसर र माहौलको राजनीति अन्तरगत सही र गलतको दरार वोध स्पष्ट नभएसम्म यस्तो सिलसिला घट्ने होइन, अझ तीव्र हुने देखिन्छ ।

यसकारण मुलतः एजेण्डा हार्दै गएको समाजमा गुणात्मक परिवर्तनको धेरै चाहना गर्नु वस्तुवादी हुँदैन । यस्तो वेला राजनीति औसत कर्मकाण्डी मात्र हुने गर्दछ । अर्थात् चुनावदेखि चुनाव र सरकारदेखि सरकारसम्मको यथास्थितिवादी गोलचक्करमा सीमित हुन पुग्दछ । यसले आगामी स्थानीय मात्रै होइन, प्रदेश र संघको निर्वाचनमा पनि एजेण्डा कमजोर हुने खतरा जीवीतै देखिन्छ । किनकि अवसर र रूपवादी राजनीतिमा जनमत असाध्यै संवेदनशील र अस्थिर हुने गर्दछ ।

क्रमशः दोस्रो पृष्ठमा



# देशभर एसईई परीक्षा : ५ लाख १४ हजार ९ सय ६७ परीक्षार्थी




**भक्तपुर ।** कोरोना कहरका कारण दुई वर्षपछि भौतिक उपस्थितिमै आगामी शुक्रबार बैशाख ९ गते बिहान ८ बजेदेखि देशभर एकैसाथ माध्यमिक शिक्षा परीक्षा एसईई परीक्षा सञ्चालन गर्ने सम्पूर्ण तयारी पूरा भएको छ ।

कोरोना महामारीका कारण शैक्षिकसत्र २०७६ र २०७७ मा विद्यालयले गरेको आन्तरिक मूल्याङ्कनकै आधारमा परीक्षा बोर्डले एसईईको नतिजा सार्वजनिक गरेको थियो । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माका अनुसार यस वर्ष सामान्य स्वास्थ्य मापदण्ड पूरा गर्दै भौतिक उपस्थितिमै एसईई परीक्षा सञ्चालन गर्ने गरी तयारी पूरा भएको हो । परीक्षाका लागि ती केन्द्रहरूमा आवश्यक पर्ने प्रश्नपत्र, उत्तरपुस्तिका लगायतका आवश्यक सामग्री जिल्ला-जिल्ला पठाइसकेको समेत अध्यक्ष शर्माले जानकारी दिए ।

परीक्षा नियन्त्रक अर्जुन रायमाझीले एसईई परीक्षाका लागि देशभर २ हजार सात परीक्षा केन्द्र निर्धारण गरिएको र यस वर्ष ११ हजार ६१५ विद्यालयबाट नियमिततर्फ छात्र एक लाख ५७ हजार ९१४ र छात्रा दुई लाख ५७ हजार ५३ जना गरी कूल पाँच लाख १४ हजार ९६७ परीक्षार्थी परीक्षामा सहभागी हुने जानकारी दिए ।

दुई वर्षदेखि रोकिएको ग्रेड वृद्धितर्फ ११ हजार ४५४ विद्यार्थीसहित प्राविधिक तर्फका २९९ विद्यालयका १४ हजार ५६४ विद्यार्थी समेत एसईईमा परीक्षामा सहभागी हुँदैछन् । यस वर्ष सबैभन्दा कमी मनाङ जिल्लाबाट ४३ विद्यार्थी परीक्षामा सहभागी हुने भएका छन् ।

यस वर्ष नेपालीले जापानमा सञ्चालन गरेको एक विद्यालयबाट समेत २० विद्यार्थी पनि एसईईमा सहभागी हुने भएको बोर्डले जनाएको छ ।

एसईईलाई मर्यादित एवं व्यवस्थित बनाउन प्रदेशस्थित सामाजिक विकास मन्त्रालय र जिल्ला परीक्षा समन्वय समितिको व्यवस्थापनमा प्रदेश परीक्षा व्यवस्थापन समिति गठन गरेको बोर्डले जानकारी दिएको छ ।

यस वर्षको एसईई परीक्षा सञ्चालनका लागि प्रदेश परीक्षा व्यवस्थापन समिति, परीक्षाको अनुगमनदेखि उत्तरपुस्तिका परीक्षण, संपरीक्षण र रुजुको काम समेत गर्ने भएको अध्यक्ष शर्माले जानकारी दिए ।

परीक्षाका लागि प्रदेश परीक्षा व्यवस्थापन समितिमार्फत जिल्ला परीक्षा समन्वय समितिलाई परिचालन गरेको छ । बोर्डले प्रदेशसँग समन्वय गर्ने र प्रदेशअनुसारका सबै जिल्लालाई प्रदेशले निर्देशन दिने तथा अनुगमन गर्ने गरी व्यवस्था गरिएको छ ।

प्रदेश परीक्षा व्यवस्थापन समितिले विद्यार्थीको प्राप्ताङ्क पठाएपछि अन्तिममा त्यसलाई रुजु गरेर बोर्डले नतिजा प्रकाशन गर्ने उनले बताए ।

अध्यक्ष शर्माले 'यस वर्ष एक महिना ढिलो गरी परीक्षा सुरु हुँदैछ, बोर्डले परीक्षाका नियमावली संशोधन गरेर प्रदेशलाई धेरै जिम्मेवारी दिएको छ, त्यसले नतिजाका केही दिन तलमाथि हुनसक्ला, यद्यपि बोर्डले साउन १ देखि कक्षा ११ को शैक्षिकसत्र सुरु हुनुअघि नै एसईईको नतिजा सार्वजनिक गरिसक्ने लक्ष्य लिएका छौं' जानकारी दिए ।

शिक्षा मन्त्रालयले कोरोना महामारीका कारण गत वर्षको पढाइ प्रभाभिव भएकाले चैत महिनाभर कक्षा सञ्चालन गर्ने र वैशाखमा परीक्षा सम्पन्न गरी भर्ना अभियान सञ्चालन गरेर जेठ १ देखि कक्षा १-१० को आगामी शैक्षिकसत्र सुरु गर्ने गरी व्यवस्था गरेको हो ।

## दलले आश्वासन मात्रै दिने गरेको कैलालीका कृषकको गुनासो

**कैलाली ।** जिल्लास्थित भजनी-६ का कृषकलाई यतिबेला मंसिरमा लगाएको गहुँ भित्र्याउन र चैत धान लगाउन व्यस्त छन् । एकतर्फ पाकेको बाली भण्डारण गर्न र नयाँ बाली लगाउने काममा स्थानीय कृषक व्यस्त भइरहेका बेला नजिकँदै गरेको स्थानीय तहको निर्वाचनका कारण राजनीतिक दलका नेता-कार्यकर्ता चुनाव प्रचारप्रसारका लागि गाउँगाउँमा पुगेका छन् ।

'निर्वाचनमा नेताले किसानलाई आश्वासन मात्रै दिन्छन्, हाम्रा दुःख कसैले देख्ने होइन, खेतीका बेला सिँचाइका लागि पानी हुँदैन, भोट माग्दा आउँदा कुरा ठूला गर्छन्' स्थानीय किसानको गुनासो थियो ।

एकातर्फ गहुँ भित्र्याउने चटारो एकातर्फ चैतेधान रोप्ने चटारो एकैसाथ मौसम राम्रो भएको अवस्था छोपेर खेतमा लगाएको गहुँ भित्र्याउन सकेपछि मात्रै अरु कुराका बारेमा सोच्न सकिने स्थानीय किसानले बताएका छन् ।

यस वर्ष बाढीले धानबाली सबै तहसनहस भएका कारण गहुँ बेचेर धान रोप्दा लागेको खर्च तिर्नुपर्ने बाध्यतामा किसानहरू रहेको स्थानीयले बताएका छन् । जिल्लास्थित भजनी-३ का दलबहादुर साउदले अहिले गहुँखेती भित्र्याएर चैतेधान रोप्नमा व्यस्त रहेको बताउँछन् । वर्षातको समयमा बढी डुबान हुने क्षेत्रको जग्गा भएका कारण उनले वर्षेधान रोप्न नपाएका उनले मंसिरमा लगाएको गहुँ भित्र्याएर चैतमा रोपेको धान जेठको अन्तिममा भित्र्याउने गरी धान रोपाइँ भइरहेको स्थानीय कृषक दलबहादुर बताए ।

'वर्षामा खेतमा कुनै खेती हुँदैन, त्यही भएर पनि यो समय हाम्रा लागि निकै महत्वपूर्ण छ' दलबहादुरले भने 'हामीलाई चुनावको भन्दा बढी चिन्ता गहुँबाली भित्र्याउने र धान रोप्नेको छ, समय भयो भने भोट हाल्न जानुपर्ला होइन भने कामभन्दा ठूलो हाम्रा लागि चुनाव होइन ।'

उता जिल्लाकै टीकापुर नगरपालिका-७ का लालवीर चौधरीले प्रचण्ड गर्मीलाई बेवास्ता गर्दै आफूहरू गहुँ काट्ने काममा लागेको बताए 'नेताहरू चुनावी प्रचारका क्रममा टोल कमिटी गठनदेखि आफ्नो पक्षमा माहोल बनाउन आउँछन्, अब यो समयमा हामीलाई पनि चुनावी प्रचारका लागि आग्रहसमेत गर्छन, हामी भने बिहानदेखि साँझ अबेरसम्मै खेतमा काम गरिरहेका छौं वर्षभरि खाने अन्न भित्र्याउनुभन्दा ठूलो पार्टीको चुनावी प्रचारप्रसार हाम्रा लागि हुन सक्दैन ।'

बेलैमा पाकेको गहुँ नभित्र्याए असिनाले लैजाने डरका कारण दिनरात नभनी टीकापुर-४ का रामभजन चौधरी गहुँ भित्र्याउन खटिरहेको बताउँछन् । एक बिघा अधियाँमा गहुँखेती लगाएका रामभजनलाई अहिले राम्रो मौसम भएका बेला त्यही भित्र्याउन भ्याइनभ्याइ छ ।

## सिमकोटमा नगदेबाली आलुखेतीको बढ्दो आकर्षण

**जुम्ला ।** जिल्लाको सदरमुकाम सिमकोटका किसानमाझ हिजोआज परम्परागत जौं, उवा, फापर र गोदोभन्दा पनि नगदेबाली आलुखेतीतर्फ आकर्षण बढेको छ । जुम्लाका सदरमुकामबासी किसान आफ्ना उत्पादनलाई बजारमा सहज बिक्री गर्न सकिने भएपछि पछिल्लो समय तरकारी खेतीतर्फ आकर्षित भएका छन् ।

नेपालकै उच्च वातावरणमा उब्जेको जैविक आलु स्वादिलो र छिटो पाक्ने भएकाले यसको माग बढ्दै गएपछि सदरमुकाम सिमकोटका किसान आकर्षित हुँदै गएका हुन् । आलु जति फलाए पनि बिक्रीको चिन्ता नभएपछि जिल्लाका किसानले आलु फलाएपछि बेमौसमीमा भाउ झनै बढी पाइने बताए ।

आलुखेतीतर्फ आकर्षण बढ्दै गएपछि यतिबेला सदरमुकाम सिमकोट र आसपासका कृषकलाई चैतको अन्तिमदेखि नै आलु रोप्न भ्याइनभ्याइ छ । सिमकोटका अधिकांश यतिबेला आलु रोप्नमै व्यस्त भने उनीहरू अन्य खेतीपातीभन्दा बढी आलु उत्पादन गर्ने भनेर खेतबारीमा दिनरात मेहेनत गरिरहेका बताउँछन् । उनीहरू खेत खनजोत गर्नुका साथै आलु उत्पादनका लागि ब्याड बनाउनेदेखि अन्य काममा व्यस्त हुने हुँदै आएका छन् । वर्षको एकपटक वर्षायाममा मात्रै उत्पादन हुने र काम पनि एकपटक मात्रै गर्नुपर्ने यसको बजारमा माग बढी हुनुका साथै आफूलाई तरकारी खान समेत सहज हुने भएकाले उनीहरू आलुखेती आकर्षित हुँदै गएका हुन् ।

सदरमुकाम सिमकोट-५ तल्लोगाउँ र ६ माथिल्लो गाउँका किसानले सदरमुकाममा भएका आफ्ना बढीजसो खेतमा आलु नै लगाउने गरेको किसान मुक्ति रावतले बताए । राउवतका अनुसार थोरै खेतमा मात्रै अन्य बाली उत्पादन हुँदै आए पनि अधिकांश खेतमा आलु नै उत्पादन हुने गरेको छ । सदरमुकाम सिमकोटका किसानले बर्खामा मात्र आलुखेती गरेर अधिकांश स्थानीयले आलुबाटै घर खर्च टार्दै आएका छन् ।

सिमकोटमा आलुको प्रतिकिला मौसममा ८० देखि एकसय रूपैयाँसम्ममा बिक्री हुने र बेमौसममा भने एक सयदेखि एकसय पचास रूपैयाँसम्ममा बिक्री हुने गरेको किसानले बताए । जिल्ला कृषि विकास कार्यालयले आलुखेती गर्ने किसानलाई बीउमा छुट र कृषि सामग्रीमा अनुदान दिन आवश्यक छ । यस्तै आलु उत्पादक किसानका लागि भण्डारण, बजारीकरण र नयाँ प्रविधि विस्तारमा पनि सहयोग गर्न आवश्यक रहेको स्थानीय कृषकले बताए ।

## गठबन्धनले प्रतिगमनकारी विक्षिप्त बनेका छन् : प्रचण्ड

**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रतिगमनकारी शक्तिलाई परास्त गर्न पाँच दलीय गठबन्धन बनेको दावी बताएका छन् ।

माओवादी केन्द्रको कैलालीस्थित गौरीगंगामा आयोजित आमसभालाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री दाहालले संविधान, समावेशी लोकतान्त्रिक गणतन्त्र, राष्ट्रिय स्वाधिनता तथा अस्मिताको रक्षा गर्दै प्रतिगमनलाई परास्त गर्न पाँच दलको गठबन्धन गरिएको बताएका हुन् । अध्यक्ष प्रचण्डले निर्वाचनको मुखमा गठबन्धन टुट्छ र फेरि प्रतिगमनमा जान पाइन्छ भन्ने षड्यन्त्र भएको पनि सुनाए । 'हिजो साँझसम्म गठबन्धन टुटाउन षड्यन्त्र भएको थियो' उनले भने 'छ वटै महानगर र ११ वटै उपमहानगरपालिकामा सर्वसम्मत ढङ्गले तालमेल गर्ने निर्णय हुँदा प्रतिगमनकारी विक्षिप्त भएका छन् । मनस्थिति खलबल लिएको छ ।'

कार्यक्रममा सोही दलका सुदूरपश्चिम प्रदेशका इन्चार्ज खगराज भट्टलगायत सहभागीले राजनीतिक तथा समसामयिक विषयमा आ-आफ्ना विचार व्यक्त गरेका थिए ।

आमसभाबीच जनता समाजवादी पार्टीबाट माओवादी केन्द्रमा प्रवेश गरेका नेता-कार्यकर्तालाई अध्यक्ष प्रचण्डले स्वागत गरेका थिए । जसपाका नेता कृष्णकुमार चौधरीको नेतृत्वमा आफ्ना पार्टीमा आएका नेता-कार्यकर्तालाई अध्यक्ष दाहालले स्वागत गरेका हुन् ।

## दुई समूह दुईतिर : विप्लव-प्रकाण्ड ओलीसँग, हेमन्त-धर्मेन्द्र प्रचण्डसँग

**काठमाडौं ।** नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका ५ शीर्ष नेतामध्ये २ जनाले प्रधानमन्त्री शेरबहादुर देउवासँग र अरु २ नेताले पुष्पकमल दाहाल 'प्रचण्ड' सँग बेग्लाबेग्लै भेटघाट गरी छलफल गरेका छन् । महासचिव विप्लव र प्रवक्ता प्रकाण्डले बुधबार हालै देउवासँग तथा स्थायी समिति सदस्यद्वय हेमन्तप्रकाश वली 'सदर्शन' र धर्मेन्द्र बाँस्तोला 'कञ्चन'ले प्रचण्डसँग छलफल गरेका हुन् ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा भएको देउवासँग विप्लव-प्रकाण्डको भेटका क्रममा सरकार र नेकपाबीच गतवर्ष भएको तीनबुँदे सहमति कार्यान्वयन र निर्धारित स्थानीय तहको निर्वाचन केही पछि सारेर आफूहरूको पार्टी दर्ता गराउने तथा मतदाता नामावलीमा नाम समावेश गर्ने अवसर प्रदान गर्न नेकपाका नेताहरूले माग गरेको बालुवाटार स्रोतको भनाइ छ । सो भेटमा प्रधानमन्त्रीसहित गृहमन्त्री बालकृष्ण खाँण, कांग्रेस उपसभापति पूर्णबहादुर खड्का महान्यायाधिवक्ता खम्मरबहादुर खाती, गृहसचिव टेकनारायण सहभागी थिए ।

प्रचण्डसँग हेमन्तप्रकाश वली र धर्मेन्द्र बाँस्तोलाले गरेको भेटमा नेकपा नेताहरूले आफ्नो पार्टीका बन्दी रिहाइका निम्ति विशेष पहल गरिदिन प्रचण्डसँग आग्रह गरेको बाँस्तोलाले जानकारी दिएका छन् । नयाँ वर्षको अवसरमा आफूहरू भेटेर माओवादी केन्द्रका अध्यक्ष र उनकी बिरामी पत्नी सीता दाहाललाई शुभकामना दिनुको साथै स्वास्थलाभको कामना गरेको बाँस्तोलाको भनाइ छ ।

विप्लव-प्रकाण्ड दल दर्ता गरेर स्थानीय निर्वाचनमा भाग लिनुपर्ने तथा वली-बाँस्तोला चुनाव बहिष्कार गुर्नुपर्ने एजेण्डाका साथ अगाडिड बढिरहेका छन् । केहीअघि सम्पन्न पार्टीको केन्द्रीय समितिको बैठकमा यिनै दुई पक्षपबीच तीव्र, पेचिलो र लामो बहस चलेपछि अन्ततः दुवै पक्षको 'फेस सेभिङ' र 'पार्टी एकता बचाउन' बीचको निर्णय लिइएको थियो । तर, सो निर्णयको मसी सुक्न नपाउँदै विप्लव-प्रकाण्डहरूले अल्पमतमा परिसकेको आफ्नै एजेन्डा लाद्न बलमिच्याइँ गरेको आरोप अर्को पक्षले लगाउँदै आएको छ ।


## नयाँ वर्ष इतिहासमै महत्त्वपूर्ण हुने नेपालको विश्वास

**काठमाडौं ।** नयाँ वर्ष २०७९ को शुभकामना सन्देश दिँदै नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले यो वर्ष देशको राजनीतिक इतिहासमा महत्वपूर्ण हुने बताएका छन् ।

उनले २०७९ संघ, प्रदेश र स्थानीय तहको चुनावी वर्षका रूपमा रहेकाले देशको राजनीतिक इतिहासमा महत्वपूर्ण वर्ष हुने दावी गरेका हुन् । संविधान, लोकतन्त्र र कम्युनिस्ट आन्दोलनको रक्षाका लागि आफूहरू जनताको साथमा हुने भन्दै अध्यक्ष नेपालको शुभकामना सन्देशमा भने- 'समाजको शान्तिपूर्ण रूपान्तरण, लोकतान्त्रिक प्रतिस्पर्धा र जनताको शक्तिमाथि आधारित भएर नै सफलता प्राप्त गर्नेछौं भन्नेमा हामी विश्वस्त छौं, यी कार्यभार सम्पन्न गर्न हामीले पाँच दलीय गठबन्धन बनाएका हौं ।'

पूर्वप्रधानमन्त्री समेत रहेका नेकपा एसका अध्यक्ष नेपालद्वारा शुभकामना सन्देशमा आजसम्मका जनसंघर्ष, जनआन्दोलन र जनक्रान्तिबाट प्राप्त उपलब्धिको रक्षा एवं विकास गर्दै राष्ट्रियता, लोकतन्त्र र सामाजिक न्याय सुदृढ गरी सामाजिक, आर्थिक, सांस्कृतिक रूपान्तरणमार्फत समाजवादी आन्दोलन सफल बनाउन सम्पूर्ण देशबासीको निरन्तर साथ रहनेमा विश्वास व्यक्त गरिएको छ । 'बितेको वर्ष २०७८ साल हामीले देश, लोकतन्त्र र संविधान रक्षाका लागि क्रान्तिकारी विद्रोह गरेको वर्षका रूपमा स्मरणीय रहनेछ' नेपालको सन्देशमा भनिएको छ 'नयाँ वर्ष २०७९ को सुरुआतसँगै हामीले गत वर्ष गरेको त्यो विद्रोहलाई जनताबाट अनुमोदन गराउने ऐतिहासिक अवसर नजिक आएको छ ।'

# नयाँ वर्षमा पशुपति मन्दिरमा दर्शनार्थीको भीड



**काठमाडौं ।** नयाँ वर्षको अवसरमा पशुपतिनाथ मन्दिरमा दर्शन गर्ने भक्तजन चारै ढोका खुला गरिएको हो । भक्तजनलाई विशेष व्यवस्था गरिएको पशुपति क्षेत्र विकास कोष संस्कृति संरक्षण महाशाखा प्रमुख गौरीशंकर पराजुलीले जानकारी दिएका हुन् ।

पशुपतिनाथ दर्शन गर्ने भक्तजनको भीड बढ्ने भएकाले विशेष व्यवस्थाअनुसार नयाँ वर्षका अवसरमा बिहान ४ बजेदेखि नै चारै ढोका खुला गरिएको उनले बताए । बिहानैदेखि पशुपति क्षेत्रमा भक्तजनको भीड बढेको पराजुलीले जनाए । नयाँ वर्षका अवसरमा पशुपतिनाथ आउने भक्तजनलाई उत्तर-पश्चिम र दक्षिण मूल ढोकाबाट दर्शन गर्न जान सक्ने गरी व्यवस्था गरिएको थियो ।

पछिल्ला केही वर्षदेखि नयाँ वर्षका अवसरमा पशुपतिनाथको दर्शनमा आउने भक्तजन बढ्न थालेपछि कोषले विशेष व्यवस्था गरेको हो । यस अवसरमा पश्चिम मूलढोकामा विशेष सजावट गरिएको छ । महानगरीय प्रहरी वृत्त गौशालासँग थप जनशक्ति लिएर शान्ति सुरक्षाको प्रबन्ध पनि मिलाइएको कोषका संस्कृति महाशाखा प्रमुख पराजुलीले जानकारी दिए ।

सो अवसरमा विशेष पूजा गर्न चाहने भक्तजनका लागि समेत व्यवस्था मिलाइएको उनले जानकारी दिए । विगत पनि बैशाख १ गते अर्थात नयाँ वर्षका अवसरमा पशुपतिनाथ मन्दिरमा लाखौं भक्तजनको भीड लाग्ने गरेको र दर्शनार्थीको चापलाई हेरेर सुरक्षा व्यवस्था मिलाइएको समेत कोषले जनाएको छ । काठमाडौंको उत्तरी भेगस्थित गोकर्णेश्वर र बूढानीलकण्ठ नगरपालिकाको संगममा रहेको बाग्मती नदीको उद्गमस्थल (बाग्द्वार) टोखा नगरपालिकास्थित सपनतीर्थ, भक्तपुरमा मनाइने बिस्केट जात्रा, कीर्तिपुरस्थित चम्पादेवीमा लाग्ने जात्रालगायत देशभर लाग्ने मेलामा भक्तजनको भीड बढ्ने गर्दछ ।

नयाँ वर्षका अवसरमा नेपालभरका सरकारी कार्यालय, सार्वजनिक संस्थान एवं शिक्षण संस्थामा सार्वजनिक बिदा दिइएको छ ।

# युक्रेनमा ७७ लाखभन्दा बढी आन्तरिक रूपमा विस्थापित : राष्ट्रसंघ



काठमाडौं । युक्रेनमा युद्धका सुरु भएयता झन्डै ७७ लाखभन्दा बढी मानिस आन्तरिक रूपमा विस्थापित भएको अनुमान गरिएको छ । रूसले युक्रेनमाथि युद्ध सुरु गरेदेखि नागरिकहरूले आफ्नो घर छाडेर भागे पनि देशभित्रै बसेको राष्ट्रसंघले बिहीबार जनाएको छ ।

संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय आप्रवासन संगठनले जारी गरेको तथ्याङ्क आन्तरिक विस्थापित व्यक्तिहरू (आईडीपी) मध्ये अप्रिल ५ मा दिएको ७१ लाख रहेको अनुमानित तथ्याङ्कभन्दा बढेको हो ।

रूसले फेब्रुअरीको अन्त्यमा युक्रेनविरूद्ध सुरू गरेको आक्रमणपछि दश लाखभन्दा बढी युक्रेनीहरू आफ्नो देश फर्किएका कीभको सीमा सुरक्षा बलले बुधबार जानकारी गराएको छ । युक्रेनी सीमा सुरक्षा बलका प्रवक्ता लेसीमा आन्ड्री डेमचेन्कोले एक पत्रकार सम्मेलनमा भन्नुभयो, 'त्यस समयदेखि हाम्रा ११ लाख नागरिकहरू स्वदेश प्रवेश गरेका छन् ।'

डेमचेन्कोका अनुसार'मस्कोसित युद्ध सुरु भएदेखि नै झन्डै ५० लाख मानिसहरूले पूर्वी तथा पश्चिमी दुवै दिशाबाट गरी युक्रेनी सीमा पार गरेका छन्' बताए ।

डेमचेन्कोले फर्कनेहरूमध्ये कति जनाले युद्धका कारण पहिला देश छोडेका थिए भन्ने कुरा भने बताइएको छैन । यसैबीच संयुक्त राष्ट्र शरणार्थी निकाय यूएनएचसीआरले रूसले युक्रेनमा आक्रमण गरेको दिन फेब्रुअरी २४ देखि ५० लाख ३४ हजार ४९३ युक्रेनीहरू देशबाट बाहिरिएको जनाएको छ ।

यूएनएचसीआरका उपप्रमुख केली टि क्लेमेन्ट्सले भने- 'यस द्वन्द्वको आठ हप्तामा हामीले ५० लाख मानिसका पीडा र वेदनाका कथाहरू सुनिरहेका वा गनिरहेका छौं ।'

यो दोस्रो विश्वयुद्धपछिको युरोपको सबैभन्दा द्रुत गतिमा बढ्दै गइरहेको शरणार्थी संकट हो । युद्धग्रस्त देशमा फर्कने मानिसहरूको न्यून तथ्याङ्कले गर्दा अधिकारीहरूले केही चेतावनीहरू दिएका छन् ।

# कीभको चिहानगृहमा १ हजार २० शव : युक्रेन

**काठमाडौं ।** युक्रेनको राजधानी कीभमा रहेको चिहान गृहमा एक हजारभन्दा बढी शव राखिएको छ । सरकारी अधिकारीहरूले बिहीबार दिएको जानकारीअनुसार अहिलेसम्म चिहान गृहमा एक हजार २० शव राखिएको छ ।

रुसले युक्रेनमा आक्रमण गरेपछि भएका हिंसात्मक घटनामा परी उनीहरूको मृत्यु भएको युक्रेनी अधिकारीहरूले दाबी गरेका छन् ।

'ती शवहरू सडक तथा विभिन्न घरहरूबाट सङ्कलन गरिएको हो, रुसले गरेको आक्रमणकै कारण उनीहरूको मृत्यु भएको हो' एक अधिकारीले भने ।देशका अन्य ठाउँहरूमा पनि यस्तैगरी शवहरू छरिएको र संकलन गर्ने कार्य भइरहेको अधिकारीहरूको भनाइ छ ।

रुसले युक्रेनमाथि गत फेब्रुअरी २३ मा आक्रमण गर्न थालेको हो । आक्रमणका कारण हजारौंको मृत्यु भएको, हजारौं घाइते भएको र लाखौं मानिस विस्थापित भएको दाबी गरिएको छ । त्यसैगरी धेरै भौतिक संरचनाहरूमा पनि क्षति भएको छ । साथै अन्तर्राष्ट्रिय बजार तथा राजनीतिमा समेत यसले नकारात्मक असर पारेको छ ।

संयुक्त राष्ट्रसंघलगायतका धेरै अन्तर्राष्ट्रिय समुदायले आक्रमणको विरोध गरेका छन् भने दर्जनौं देशहरूले तत्काल आक्रमण रोक्न रुसलाई आग्रह गरेका छन् । आक्रमण रोक्न सर्वत्र विरोध र दबाब भए पनि रुसले भने आक्रमण जारी राखेको छ ।

आक्रमण भएको सुरुका केही दिनमा चरण चरणमा दुई पक्षीय वार्ता भए पनि निष्कर्ष निकाल्न नसकेपछि अहिले वार्ता पनि हुन छाडेको छ ।

# 'अत्यधिक गरिबीबाट विचलित अफगान नागरिकद्वारा काबुलमा आत्मदाह'

**काठमाडौं ।** तालिवानले अफगानिस्तान कब्जा गरेपछि देशमा आएको आर्थिक संकटका कारण आफूले दुई छाक टार्न समेत कठिन भएको भन्दै एक व्यक्तिले बिहीबार काबुलमा आत्मदाह गरेका स्थानीय सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

करिव २० वर्षका ती अफगानी नागरिक स्पिन गुलले अप्रिल १८ मा आफैंले शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गरेका थिए । घटनापछि जलेर गम्भीर घाइते भएका उनको स्थानीय अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको खामा प्रेसले उल्लेख गरेको छ ।

चार छोराछोरीका बाबु गुल त्यो परिवारका लागि आम्दानीको एक मात्र स्रोत थिए । गरिबीका कारण उनी पछिल्लो समय मानसिक रूपमा अस्थिर रहेको गुलका दाजुले बताएका छन् ।

गुलकी हजुरआमाका अनुसार ठेलागाडामा तरकारी बेच्दै आएका गुलले देशमा शासन परिवर्तन आएपछि परिवारमा आएको आर्थिक संकटका कारण आत्महत्या गरेको जानकारी दिइन् । खामा प्रेसले उल्लेख गरेअनुसार खराब आर्थिक अवस्थाका कारण गुलले आत्महत्या गरेको प्रतिवेदनको खण्डन गर्दै अफगान आन्तरिक मन्त्रालयले मृतकलाई मानसिक सन्तुलन ठीक नभएको बताएको खामा प्रेसले जनाएको छ ।

सन् २०२१ को अगस्टमा तालिबानले सत्ता कब्जा गरेपछि अफगानिस्तानले आर्थिक संकटको सामना गरिरहेको परिवारका आफन्तहरूले दाबी गरेका छन् । तालिबानको सत्तामा द्रुत आरोहणको परिणामस्वरूप आर्थिक गडबडी र खाद्यान्नको अभाव भई देशको गरिब सुमुदायमा मानवीय संकट आएको तालिबानका आलोचकहरूले बताउने गरेका छन् ।

अफगानिस्तानमा तालिबान सत्तामा आएपछि युरोप तथा अमेरिकाले उनीहरूको मुलुकमा रहेको अफगान सम्पत्तिलाई रोक्का गरेको र दाताराष्ट्रले तालिबान शासकमाथि शंकाको दृष्टिले हेर्दा अफगानिस्तानमा आर्थिक संकट झाँगिएको बताउने गरिएको छ ।

संयुक्त राष्ट्रसंघको तथ्यांकअनुसार अफगानिस्तानमा हाल २३ लाख मानिसले खाद्यान्न अभावको सामना गरिरहेका र ९५ प्रतिशत अफगानीहरूसँग दिनमा दुई छाक टार्ने स्रोतको समेत अभाव रहेको र उनीहरूलाई दाताहरूको सहयोग उपलब्ध गराइने गरिएको छ ।

# फिलिपिन्समा बाढी–पहिरो : १ सय ४८ को मृत्यु

**काठमाडौं ।** हालै फिलिपिन्समा पहिरो र बाढीबाट मृत्यु हुनेको संख्या बिहीबार १४८ पुगेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । त्यहाँको सरकारी तथ्यांकले पहिरोले पुरिएका गाउँहरूमा थप शव ३३ जनाको शव भेटिएसँगै मृत्यु हुनेको संख्या १४८ पुगेको हो ।

फिलिपिन्समा शक्तिशाली आँधीले केही दिनसम्म भारी वर्षा गराएपछि हजारौंलाई उद्धार केन्द्रहरूमा विस्थापित गराइएको छ भने हराइरहेका धेरै मानिसहरू जीवित पाइने आशा क्षीण बन्दै गएको समेत समाचारहरूमा उल्लेख गरिएको छ ।

मेगी नामक आँधी प्रभावित लेटेको मध्यप्रान्तमा विनाशकारी पहिरोले खेती र माछा मार्ने समुदायलाई विस्थापित गर्नुका साथै कैयौंको मृत्यु भएको र केही हराइरहेको बताइएको छ । उक्त बस्तीमा आएको पहिरोका कारण दर्जनौंले यसअघि नै ज्यान गुमाइसकेका छन् । प्रकोपले ग्रस्त क्षेत्रलाई सन् २०१३ मा सुपर टाइफून हाइयानबाट प्रत्यक्ष प्रभाव परेको थियो । यो सहित नियमित रूपमा आँधीले तहसनहस पारेको यो क्षेत्रलाई फिलिपिन्सले बढी आँधी प्रभावित क्षेत्र भएको बताएको छ ।

फिलिपिन्सस्थित अबियोग नगरपालिकाका उद्धारकर्मीले मंगलबार गएको पहिरोले बगाएको पिलारको तटीय गाउँबाट बिहीबार दर्जनौं शव निकालेका थिए । त्यहाँस्थित प्रहरीले सो नगरपालिकाका तीन गाविसमा गएको पहिरोमा परी कम्तीमा ४२ जनाको मृत्यु भएको छ भने दर्जनौं मानिस डुबेर बेपत्ता भएका छन् । प्रभावित क्षेत्रमा १०३ भन्दा बढी व्यक्तिहरू अझै पनि हराइरहेको अबुयोगका मेयर लेमुएल ट्रेयाले उनीहरू जीवित भेट्टाउने आशा भने हराएको एएफपीसँग बताए ।

# ढुवानी गर्ने बाटो बन्द हुँदा सिमकोटमै थन्कियो खाद्यान्न

**काठमाडौं ।** दुर्गम जिल्ला हुम्लाको मध्यभेगमा रहेको सर्केगाड गाउँपालिकाबाट ढुवानी हुँदै आएको चामल सिमकोट विमानस्थलमा थन्किएको छ । विमानस्थलबाट खाद्यान्नको गोदामसम्म ढुवानी गर्ने व्यवस्था हुन नसकेपछि ठूलो परिमाणमा खाद्यान्न विमानस्थलमै थन्किएको हो ।

खाद्य व्यवस्था तथा व्यापार लिमिटेड शाखा हुम्लाका अनुसार विमानस्थलबाट लिमिटेडको गोदामसम्म ट्र्याक्टरमा ढुवानी गर्ने बाटो बन्द भएको छ । यसअघि टिप्परमार्फत चङ्खेली गाउँपालिकाको सरिसल्ला हुँदै सर्केगाड गाउँपालिकाको सर्केगाड बजारसम्म पुर्‍याइएको खाद्यान्न हेलिकप्टरमार्फत सिमकोटसम्म ढुवानी गरिँदै आएको थियो ।

यसअघि विमानस्थलबाट ट्र्याक्टरले गोदामसम्म खाद्यान्न ढुवानी गर्ने गरेको थियो । अहिले खाद्यान्न ढुवानी गर्ने सिमकोटस्थित तल्लो बजारको महिला छात्रावास क्षेत्रमा सडक मर्मत भइरहेको हुँदा ढुवानी हुन नसकेको लिमिटेड शाखा हुम्लामा नपुगेर सडक नबनेसम्म खाद्यान्न विमानस्थलमै थन्किने भएकोछ ।

## अध्यक्ष...

यस्तै केही दिनअघि पेरिसडाँडामा भएको एक कार्यक्रमबीच उनले जनताको संघर्षको बलमा प्राप्त उपलब्धि रक्षाका लागि माओवादीले निर्वाचनमा जित्नै पर्नेमा जोड दिएका छन् । पार्टी मुख्यालय पेरिसडाँडामा पार्टीको प्रचार तथा प्रकाशन विभागले आयोजना गरेको कार्यक्रमबीच बोल्दै उनले माओवादीले लडेर ल्याएको उपलब्धि रक्षाको जिम्मा माओवादीको काँधमा नै आएको बताए ।

'संघीय लोकतान्त्रिक गणतन्त्र माओवादीले लडेर ल्याएको हो, यसको रक्षा गर्ने दायित्व माओवादीको नै हो । अरुका लागि चुनाव हो, तर हाम्रो लागि निर्वाचन लडाईं हो' भन्दै दाहालले निर्वाचनको समय नजिक आइसकेकाले भीषण तयारीमा लाग्न आग्रह समेत गरे ।

संघीय लोकतान्त्रिक गणतन्त्र आफूहरूले लडेर ल्याएको भन्दै दाहालले त्यसको वास्तविक माया माओवादीलाई मात्र भएको दावी गर्दै भने- 'अन्य दललाई परिवर्तनको माया छैन, हामी यही व्यवस्थाबाट जनताको समृद्धि होस् भन्नेमा छौं ।'

यस्तै अर्कै कार्यक्रममा उनले कैलाली जिल्लामा माओवादी प्रवेशको लहर चलेको र २०६४ सालको नतिजा फर्कने सम्भावना प्रवल भएको जनाए । नेत्र विक्रम चन्दको पार्टी नेपाल कम्युनिस्ट पार्टीका नेता कार्यकर्ता पनि माओवादी प्रवेश गर्ने तयारीमा रहेकाले कैलालीमा आफ्नो पार्टी पहिलो शक्ति बन्ने बताए ।

सो कार्यक्रममा संघीय समाजवादी पार्टीका सुदूरपश्चिम प्रदेश अध्यक्ष कृष्ण चौधरीलगायत नेकपा एमाले कैलाली र सोलुखुम्बुका सयौं नेता कार्यकर्ता माओवादी प्रवेश गरेका थिए । 'यसले सुदूरपश्चिमका साथै देशभर नै प्रभाव पर्ने देखिएको छ' उनले भने 'देशभरका माओवादी कार्यकर्तालाई फेरि एकचोटी एकीकृत हुन आह्वान गर्ने गरी संसारभर फैलिएको छ, निर्वाचनको ब्याटल जित्नुपर्ने छ । निर्वाचनको समयमा एक जुट भएका छौं ।'

यस्तै पूर्वको सोलुखुम्बुमा समेत एमाले परित्याग गरी माओवादी प्रवेश गर्नेक्रम बढेको अध्यक्ष दाहालले बताए- 'एमालेले कस्तो राजनीति गरिरहेको छ भन्ने तपाईंहरूले पनि अनुभव गर्नुभएको, मैले पनि तीन वर्ष एउटै पार्टीमा रहँदा अनुभव गरे ।'

'अब हामी एक भएका छौं, हामीले ब्याटल जित्नुपर्छ, माओवादीले निर्वाचन जित्नु राष्ट्र, परिवर्तन, गणतन्त्र, संघीयताले जित्नु हो' अध्यक्ष दाहालको भनाइ थियो ।

## नया युगको...

समेटेको बताए । विशेषगरी अध्यक्ष दाहाल दुई पटक प्रधानमन्त्री हुँदा बोलेका विचारहरूको संगालोका रूपमा पुस्तक आएको र त्यसले समग्र आन्दोलन र त्यसले ल्याएको उपलब्धि बोलेको उनको भनाइ थियो ।

पुस्तकमाथि विचार राख्दै समालोचक तेजविलास अधिकारीले महत्वपूर्ण आधार स्थापना गरेर उपलब्धिलाई सैद्धान्तिक र कार्यनीतिगत कोणबाट अगाडि बढाउने व्यक्ति अध्यक्ष दाहाल हो भन्ने कुरा ६० वटा लेखले स्पष्ट पारेको बताए । उनकाअनुसार पुस्तकमा अध्यक्ष दाहाल गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री हुँदाका १५ र दोस्रो सरकारको नेतृत्व गर्दा सम्बोधन गरिएका भाषणका ४६ आलेख समावेश छन् । उनले त्यसमा दसवर्षे जनयुद्ध, त्यसपछिका संघीयता, धर्मनिरपेक्षता, लोकतन्त्र, समावेशीकरणका लागि भएको अन्तरसंघर्ष र उपलब्धिलाई पुस्तकमा समावेश गरिएको सुनाए ।
'आन्तरिक र बाह्य शक्तिबीचको खिचातानीले समीकरण अदलबदल हुने स्थिति आयो, त्यो कुरा यहाँ पाइन्छ' उनले थपे- 'त्यस अलावा हलिया प्रथा हटाउनेदेखि कृषि, सुदूरपश्चिम, मध्यपश्चिम विश्वविद्यालय खोल्ने, सातै प्रदेशमा कृषि क्याम्पस खुलाउने, राजस्व वृद्धि र कृषि विकासमा गरिएका प्रयत्न केके रहे भन्ने कुरा स्पष्ट पाइन्छ ।'

'पुस्तकमा सीमित उपलब्धिहरू बुँदागत रूपमै समावेश गरिएको छ । आज मुलुकमा जेजे काम भइरहेको छ, चर्चा भइरहेको छ, त्यो कुरालाई यो पुस्तकमा राम्रोसँग उल्लेख गरिएको छ' उनले भने 'पहिले नै स्थापित गरिसकेको र आज हामीले एजेण्डा खोजिरहँदा ती एजेण्डा त्यही रहेको पनि बताए ।' समालोचक अधिकारीले भने 'पुस्तक केवलमा भाषणको लेख मात्रै छैन, इतिहासलाई हेरेर वर्तमानलाई कसरी सुधार गर्ने भन्ने विषय पनि मजाले पाउन सकिन्छ ।'

कार्यक्रममा समालोचक प्राडा धनप्रसाद सुवेदी पुस्तकलाई भाषणको संग्रहका रूपमा मात्रै लिनु गलत हुने भनाइ राख्दै पुस्तकमा जनयुद्ध, शान्ति प्रक्रिया, संविधान निर्माण र त्यसक्रममा देखापरेका जटिलता एवं अन्तरसंघर्ष पाउन सकिने बताए ।

उनकाअनुसार शुरुको 'फेज'मा अध्यक्ष दाहालका तीव्र आवेगसहितको अभिव्यक्ति मिसिएको देखिन्छ भने त्यसपछि अगाडि बढ्न खोज्दा देशी-विदेशी शक्तिबाट यथास्थितिमा रोक्ने प्रयत्न भएको आलेखबाट थाहा हुन्छ भन्दै उनले पुस्तकमा समाजवादका भ्रुणहरू यथेष्ट रहेका समेत औंलाएका थिए ।

'शिक्षा, स्वास्थ्य, महिला, आदिवासी जनजाति, पिछडिएका वर्ग, समुदायबारे माओवादीको धारणा प्रचण्डमार्फत पुस्तकाकारका रूपमा आएको छ, इतिहास, समाजवाद र साहित्य पनि सँगसँगै मिसिएर आएको छ' सुवेदीले भने ।

पुस्तकले पाँचसय वर्ष पछाडिका पाठकलाई समेत जनयुद्धदेखिका राजनीतिक आन्दोलनका प्रतिविम्ब पाउन सक्ने भएकाले यो एउटा इतिहास बोकेको दस्तावेज भएको विश्लेषण गरे । 'नयाँ युगको पदचाप पढिरहँदा भन्न सजिलो छ, गर्न गाह्रो छ भन्ने कुरालाई स्थापित गरिदिएको छ, प्रचण्डले केही गरेन भन्ने छ, त्यस कुरालाई पुष्टि गर्ने प्रयास पुस्तकमा गरिएको छ र उहाँले पनि अनूभूत गर्नुभएको छ' भन्ने धारणा राख्दै उनले भने 'केही गरेन भन्नेहरूले चाहिँ के गरे त ?'

पत्रकार तथा समीक्षक भवानी बराल पत्रकारका लागि पुस्तक सूचनाको स्रोत नै भएको र भित्रका एउटा-एउटा विषय खोजेर गहिरो आलेख बनाउन सकिने बताए । सो कृतिमा आएका विषय प्रचण्डले बोलेको कुरा होइन, त्यतिबेलाको सरकारको भनाइ हो भन्दै बरालले समावेशीता, धर्मनिरपेक्षता, गणतन्त्र, लोकतन्त्रको संस्थागत गर्ने सन्दर्भमा उनका बताए ।

उनले अहिले ३३ प्रतिशत महिला सहभागिता भइरहेका बेला पुस्तकमा नै ४० प्रतिशत महिला सहभागिताको कुरा उठाइएको छ । पुस्तकमा उठान भएको आदिवासी, जनजाति तथा अन्य वर्ग, समुदायको प्रतिनिधित्वको कुरालाई अहिले पनि पत्रकारले जुनसुकै तरिकाले पनि उठान गर्नसक्ने बताए ।

प्रेस सेन्टर नेपालका अध्यक्ष विष्णुप्रसाद सापकोटाले यसलाई पुस्तकाकारको रूपमा ल्याउने क्रममा संयोगवश आफू पनि सचिवालयमा रहेको स्मरण गर्दै विहङ्गम ढंगले सुरुआत नगरिए पनि पछि एउटा दस्तावेजकै रूपमा आएकामा खुसी व्यक्त गरे ।

'मुलुकमा ठूला-ठूला परिवर्तन भए, कुनै दस्तावेज नै छैन, उपलब्धि छैन भने जस्तै भयो त्यसैले एउटा प्रयास गरिएको हो' सापकोटाले भने 'त्यसलाई संस्थागत गर्ने काम भएको छ ।'

एउटा पुस्तक 'गणतन्त्रको दशक' संसदमा बोलेका विचारहरूको संगालोका रूपमा आएको र नयाँ युगको पदचाप भने सरकारमा सहभागि हुँदा बोलेका विचारहरू समेटिएको जानकारी गराउँदै उनले अझै धेरै कुराहरू छुटेको हुँदा यस्तै परिचर्चाबाट पुस्तकलाई थप समृद्ध पार्दै लैजाने बताए ।

उनले सामग्री संग्लनका क्रममा संसदलगायत सरकारी निकायमा कडा चुनौती झेल्नुपरेको सन्दर्भ जोड्दै भने- 'अध्यक्ष दाहालले बोलेका कतिपय विचारको अभिलेखहरू नै संरक्षण नगरिएकाले सामग्री संकलनमा पनि कष्ट झेल्नुपरेको सुनाए । उनका अनुसार कतिपय दस्तावेज नै नामेट बनाइएका छन् ।

अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड आफैं टिपोर्ट गरेर लैजाने गरेको जानकारी गराउँदै सापकोटाले पुस्तकका धेरै आलेख पनि अध्यक्ष आफैंले नै संकलन गरेको जानकारी दिए ।(रासस)

# लिखित रजिस्ट्रेसन पारित सुरुआतको शताब्दी : प्रमको सम्बोधन

**काठमाडौं ।** लिखत रजिस्ट्रेशन पारित भएको शताब्दी पूरा भएको सन्दर्भमा प्रधानमन्त्री शेरबहादुर देउवाले भूउपयोग व्यवस्थापनको कार्यलाई सरकारले उच्चप्राथमिकतामा राखेका बताएका छन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले लिखित रजिस्ट्रेशन पारित भएको एक सय वर्ष पुगेको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले भूमि प्रशासनको क्षेत्रमा रहेका जनताका गुनासोको यथोचित सम्बोधन गर्दै यस क्षेत्रलाई स्वच्छ, स्वचालित र पारदर्शी बनाउन आवश्यक रहेकामा जोड दिएका थिए ।

'भूमि प्रशासनसम्बन्धी सेवामा सुशासन अभिवृद्धि गर्दै भूमिको नापजाँच तथा तथ्यांकलाई थप गुणस्तरीय र विश्वसनीय बनाउनु पर्दछ । जग्गाको लगत र पुराना ऐतिहासिक अभिलेखको सुरक्षा र व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने खाँचो छ' उनले थपे- 'यस सन्दर्भमा भूमि प्रशासनलाई चुस्त बनाउन अहिले मन्त्रालयले सेवा प्रवाहको आधुनिकीकरण गर्ने, अनलाइन प्रविधिबाटै जग्गाको कारोबार गर्ने, आफ्नो विवरण आफैं हेर्नसक्ने, कार्यालयमा नगइकनै सेवा प्राप्त गर्नसक्ने प्रणालीको विकास गरेको जानकारी पाउँदा मलाई खुसी लागेको छ । यसलाई थप सुदृढ, व्यवस्थित र प्रभावकारी बनाउँदै जानुपर्छ ।'

नेपालमा पहिलो पटक विसं १९७९ वैशाख १ गते घर जग्गा कारोबारको लिखत रजिस्ट्रेशन पारित भएको एक शताब्दी पूरा भएको ऐतिहासिक अवसरमा कार्यक्रम आयोजना गरिएको हो । नेपालका करीब दुई तिहाइ परिवार भूमिमा आश्रित रहेको भन्दै उनले ग्रामीण क्षेत्रमा अधिकांश परिवारको जीविकोपार्जनको मुख्य साधन भूमि नै भएको बताए ।

नेपालको संविधानले सामाजिक न्याय र समानताको प्रत्याभूति गर्ने सन्दर्भमा मौलिक हकअन्तर्गत नै भूमिहीन दलितलाई एकपटक जग्गा उपलब्ध गराउने व्यवस्था गरेको छ । त्यस्तै किसानलाई कृषियोग्य जग्गामा पहुँच उपलब्ध गराउने, भूमिहीन सुकुम्बासी, मुक्त कमैया, हलिया र अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्ने विषय पनि संविधानले सुनिश्चित गरेको छ ।

'भूमिको समुचित उपयोग नहुँदा जलवायु परिवर्तनका असर देखिएका छन् । कृषियोग्य जग्गाको अनियन्त्रित ढंगले हुने खण्डीकरणले गर्दा अव्यवस्थित शहरीकरण र बस्तीहरूमा विपद जोखिम बढ्नुका साथै प्राकृतिक स्रोतको अत्यधिक दोहन, दुरूपयोग र विनाश हुने हुँदा यसलाई व्यवस्थित गर्नु आवश्यक छ' प्रधानमन्त्री देउवाले भने ।

अहिले विभिन्न निहुँमा सरकारी, सार्वजनिक, सामुदायिक र गुठी जग्गामा अतिक्रमण गर्ने प्रवृत्ति बढेको बताउँदै उनले त्यसलाई नियन्त्रण गर्न भूमि प्रशासनका क्षेत्रमा संलग्न सबै संयन्त्रलाई थप चनाखो भई काम गर्न निर्देशन दिए ।

भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीका समस्या सधैंका लागि समाधान गर्न 'राष्ट्रिय भूमि आयोग' गठन गरी देशभर कार्य भइरहेको जानकारी दिँदै उनले यो कार्य संयुक्त सरकारको सबैभन्दा प्राथमिकता प्राप्त कार्यमध्ये एक भएकाले साझा न्यूनतम कार्यक्रमअन्तर्गत नै राखेर अगाडि बढाइएको प्रष्ट पारेका थिए ।

आयोगले विभिन्न स्थानमा भूमिहीनको पहिचान, प्रमाणीकरण र अभिलेखनको कार्य सम्पन्न गरी पुर्जा वितरणको कार्य समेत सुरू गरिसकेको प्रधानमन्त्री देउवाको भनाइ थियो । विगतमा पहिचान हुन छुट भएका वा पहिचान भएर पनि सुविधा प्राप्त गर्नबाट वञ्चित मुक्त कमैया, हलिया, कम्लरी र हरूवाचरुवाको पुनर्स्थापन गर्न सरकारले आवश्यक तयारी सुरु गरिसकेको उनको भनाइ थियो ।
कार्यक्रममा पूर्वप्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले भूमि प्रशासन र भूमि सुधारमा नयाँ प्रविधिको प्रयोग गरी जनतालाई प्रभावकारी सेवा दिनुपर्नेमा जोड दिएका थिए । भूमि प्रशासन क्षेत्रमा गर्नुपर्ने सुधारका काम अझै बाँकी रहेको औंल्याउँदै संविधान र व्यवस्थाअनुसार प्रशासन क्षेत्रमा रूपान्तरण हुनु अपरिहार्य रहेको नेता खनालको धारणा थियो ।

यसैगरी मन्त्री शशि श्रेष्ठले नेपालको भूमि व्यवस्था प्रणालीको इतिहास हेर्दा धेरै फड्को मारेको भन्दै समय र प्रविधिको विकाससँगै मन्त्रालयले यस क्षेत्रमा सुधारका आवश्यक कार्य गरिरहेको जानकारी दिएकी थिइन् । मन्त्री श्रेष्ठले मन्त्रालयले भूमिको उचित व्यवस्थापनका लागि भूउपयोग नीति र ऐन कार्यान्वयन रहेको उल्लेख गर्दै जनमुखी कार्यक्रम समेत अघि बढाएको जनाइन् ।

यसैबीच मन्त्रालयका सचिव रामप्रसाद थपलिया र पूर्वसचिव गोपीनाथ मैनालीले भूमि प्रशासन र व्यवस्थापनका क्षेत्रमा गर्नुपर्ने सुधारका बारेमा आफ्ना धारणा व्यक्त गरेका थिए ।

# 'तीनबुँदे' कार्यन्वयनबारे सरकार–नेकपाबीच छलफल

**काठमाडौं ।** प्रधानमन्त्री शेरबहादुर देउवा र नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को टोलीबीच सरकारी निवास बालुवाटारमा भेटवार्ता भएको छ ।

सरकारका तर्फबाट प्रधानमन्त्रीसहित गृहमन्त्री बालकृष्ण खाँण, प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, महान्यायाधिवक्ता खम्मबहादुर खाती, गृहसचिव टेकनारायण पाण्डे, तथा नेकपाका तर्फबाट महासचिव विप्लव र प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' सहभागी भएका थिए । प्रधानमन्त्रीको सचिवालयका अनुसार प्रधानमन्त्रीको सरकारी निवासमा भएको उक्त भेटवार्तामा नेपाल सरकार र नेकपाबीच भएको तीनबुंदे सहमति कार्यान्वयन र निर्धारित स्थानीय तह निर्वाचनबारे कुराकानी भएको हो । भेट क्रममा मुख्यगरी सरकार र नेकपाबीच भएको तीनबुँदे सहमतिमा उल्लेखित विभिन्न आरोपमा जेलमा रहेका नेकपामा नेता कार्यकर्ताको रिहाइ र अदालतमा रहेका मुद्दा फिर्ताबारे कुराकानी भएको जनाइएको छ ।

आफ्ना नेता-कार्यकर्ता रिहाइ र मुद्दा फिर्तालाई छिटो टुंगोमा पुर्‍याउन सरकारी पक्षसँग आग्रह गरे भने तीनबुँदे सहमति कार्यान्वयन गर्न सरकार गम्भीर रहेको प्रधानमन्त्री देउवाले बताएका थिए । वार्तामा नेकपा बैठकको निर्णयअनुरूप निर्वाचनमा भाग लिएमा सहजीकरण गर्न सरकार तयार रहेको र नेकपाले निर्वाचनमा माग लिने भएमा निर्वाचन आयोगमा दल दर्ता, बन्दी नेता कार्यकर्ता रिहाइ, छुट मतदाता नामावली थप गर्न पहल गर्न सकिने बताएको जनाए ।

नेकपाका तर्फबाट वार्तामा सहभागी नेताहरूले आफूहरू सरकारसँग भएको तीनबुंदे सहमति कार्यान्वयन भएमा निर्वाचनमा सहभागी हुने बताएका थिए । नेकपा र तत्कालीन सरकारबीच २०७७ फागुन २० गते भएको तीनबुंदे सहमति अनुसार संवादबाट समस्या समाधान गर्ने, नेकपाले आफ्ना सबै राजनीतिक क्रियाकलाप शान्तिपूर्ण रूपमा सञ्चालन गर्ने तथा सरकारले प्रतिबन्ध हटाउने सहित कारागारमा रहेका सोत दलका नेता कार्यकर्ता रिहाइ र मुद्दा खारेज गर्ने सहमति भएको थियो ।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं !

- स्थानीय स्रोत–साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पुँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुर्‍याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं